# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७** **संख्या १७** **मिति २०८०/१०/२८**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।२८

**प्रस्तावनाः** नेपालको कूल जनसंख्याको आधा हिस्सा ओगट्ने महिला वर्गको सशक्तीकरण, समानता, तथा मूलप्रवाहीकरणको लागि नगरपालिका तथा अन्य गैरसरकारी निकायबाट महिला विकासका लागि सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शी, जनमुखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउनको लागि नगरपालिका एवं वडामा महिला सञ्जाल गठन गरी महिला विकाससँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न बाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रसाशकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “अध्यक्ष” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सञ्जालको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले पालुङटार नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यविधि” भन्नाले महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले पालुङटार नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) “नगर स्तरीय सञ्जाल” भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्जाललाई सम्झनु पर्दछ ।

(छ) “सदस्य” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सञ्जालका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ज) “संयोजक” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने नगर सञ्जालको संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## वडा महिला सञ्जाल गठन सम्बन्धी व्यवस्था

**३. वडा महिला सञ्जाल गठन :** (१) महिलाहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउन वडामा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि प्रत्येक वडामा एक सञ्जाल गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा महिला सञ्जालमा ९ देखि १५ सदस्यीय पदाधिकारीहरुको सञ्जाल गठन हुनेछ जसमा १ अध्यक्ष, १ कोषाध्यक्ष, १ सचिव र अन्य सदस्य रहनेछन् ।

(३) उपदफा (२) बमोजिम सञ्जालका पदाधिकारीहरुको मनोनयन गर्दा सामान्यतः समाबेशी सिद्धान्तका आधारमा सबै भेग, टोलका महिलाहरुको प्रतिनिधित्व हुने तरिकाले गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा सदस्य संख्या थपघट गर्न कुनै बाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम गठन हुने सञ्जाललाई वडा सचिव वा निजले तोकेको कर्मचारी र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले सहजीकरण गर्नेछ ।

४. **वडा महिला सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ बमोजिम गठन भएको वडा महिला सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडाभित्रका टोल विकास संस्थाहरुले सम्पादन गर्ने कार्यमा समन्वय तथा सहजीकरण गर्ने,

(ख) महिला सशक्तिकरण तथा मूल प्रवाहीकरण सम्बन्धी कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने,

(ग) महिलाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडामा सिफारिस गर्ने,

(घ) चेतनामूलक कार्यलाई अभियानात्मक रुपमा सञ्चालन गर्ने/गराउने,

(ङ) लैङ्गिक हिंसा न्यूनीकरण, सामाजिक कुरीति, विकुती एवं विसंगती विरुद्ध अभियान सञ्चालन गर्ने ।

## परिच्छेद ३

## नगर स्तरीय महिला सञ्जाल गठन सम्बन्धी

५. **नगर स्तरीय महिला सञ्जाल गठन :** (१) महिलाहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउन तपशिल बमोजिको एक नगर स्तरीय महिला सञ्जाल गठन हुनेछ :-

(क) सबै वडाका महिला सञ्जालका अध्यक्ष वा कार्यसमिति सदस्य मध्येबाट आफूले छानेको १ जना - संयोजक

(ख) सबै वडाका महिला सञ्जालका अध्यक्ष - सदस्य

(ग) महिलाको हक, हितको संरक्षण र प्रवर्द्धन वा समाज सेवाको क्षेत्रमा विषेश योगदान पुऱ्याएका महिलाहरु मध्येबाट प्रमुखले मनोनयन गरेका ५ जना - सदस्य

(ङ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरु मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ ।

**६. नगर स्तरीय महिला सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) दफा (५) बमोजिम गठन भएको नगर महिला सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिलासँग सम्बन्धित नगर स्तरमा सञ्चालित विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) नगरपालिकामा सञ्चालन गरिने कार्यक्रमहरुमा महिला लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने,

(ग) महिला लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(घ) स्थानीय निकायहरु, बिषयगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई महिला वर्गको सशक्तिकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिस गर्ने,

(ङ) नगरमा महिला विकासका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने महिला लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने,

(च) महिला विकासका लागि नगरमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका

माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने,

(छ) नगरमा महिलाका क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने,

(ज) महिलाको सहभागिता, उत्थान तथा विकासका लागि भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसुचित गर्ने,

(झ) नगर स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट सञ्चालित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलव्ध गराउने,

(ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ट) नगरमा विभिन्न निकायहरुबाट महिलाको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने,

(ठ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा महिलाहरुको कम्तिमा तेत्तीस प्रतिशत प्रतिनिधित्वको लागि पहल गर्ने,

(ड) नगरमा विषयगत शाखाबाट सञ्चालित महिलाको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने ।

**७. सञ्जालको बैठक सम्बन्धी कार्यविधि :** (१) सञ्जालको बैठक बर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(२) बैठक सम्बन्धी अन्य कार्यविधि सञ्जालले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

**८. पदावधि :** (१) दफा (३) र (५) बमोजिम गठन हुने सञ्जालका पदाधिकारीहरुको पदावधि २ वर्षको रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा वा नगरपालिकालाई अहित हुने कुनै कार्य गरेमा नगरपालिकाले निर्णय गरी जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

९. **संरक्षक सम्बन्धी व्यवस्था :** वडा सञ्जालको संरक्षक वडाध्यक्ष र नगर सञ्जालको संरक्षक उप प्रमुख रहनेछन् ।

१०. **वार्षिक प्रतिवेदन :** (१) महिला वडा सञ्जालले आफूले वर्ष भरी सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सम्बन्धित वडा कार्यालय र सम्बन्धित नगर सञ्जालका पदाधिकारीहरुले उक्त प्रतिवेदन नगर महिला सञ्जालमा पेश गर्नु पर्नेछ ।

(२) नगर महिला सञ्जालले आफूले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा पेश गर्नु पर्नेछ ।

(३) दफा २ बमोजिम पेश भएको प्रतिवेदन शाखाले कार्यपालिमा पेश गर्नु पर्नेछ ।

११. **अभिलेख राख्नु पर्ने :** महिला सञ्जालबाट सम्पादन गरिने काम कारबाहीको अभिलेख राख्ने प्रमुख जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको रहनेछ ।

१२. **सञ्जालको विघटन** : यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने सञ्जाललाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्नेछ र सो को जानकारी सम्बन्धित शाखालाई गराउनु पर्नेछ ।

१३. **व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,<br>
गौतम भण्डारी<br>
प्रमुख प्रशासकीय अधिकृत